४) माझगाउँ सिंचाई योजना ध.न.पा.–१०
५) फङ्गसुवा खोला सिंचाई योजना वेलहारावेसी ध.न.पा.–९
६) निवुवा खोला घट्टावगर सिंचाई योजना ध.न.पा.–४
७) रजाय सिंचाई योजना पाङ्गसिङ्ग ध.न.पा.–६
८) चुवाडे कुलो सिंचाई योजना ध.न.पा.–६
९) मुलावारी सिंचाई योजना ध.न.पा.–१
१०) याक्चाना सिंचाई योजना ध.न.पा.–८
११) मालवासे सिंचाई योजना ध.न.पा.–३
१२) चिउरीवोटे कुलो ध.न.पा.–१०
१३) साठीकुलो सिंचाई ध.न.पा.–९
१४) सिप्तीङ्ग स्याउले सिंचाई ध.न.पा.–३

निर्णय नं. १०

गत आ.व.मा सम्पन्न नगरसभावाट चालु आ.व.का लागि स्वीकृत वजेट तथा कार्यक्रमलाई नगर कार्यपालिकाको वैठकवाट निम्नानुसार गरिएको संशोधनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निम्न**

| क.स | व.शि.न. | कार्यक्रम | रकम | संशोधित कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३११५१ | सल्लेरिडाडा कचिडे सडक स्तरोन्नति | २,००,००० | साविक सल्लेरी प्रा.वि. देखि पोखेल टोलसडक स्तरोन्नति | २,००,००० | |
| २. | २२५१२ | फोटोग्राफि पत्रकारिता तालिम | १००००० | सचेतनामूलक कार्यक्रम | १०००००/- | |
| ३. | २२५२२ | व्युटिपार्लर सम्वन्धी तालिम | १५००००/- | जनकल्याण महिला समुहको भवनमा सौचालय निर्माण | १५००००/- | |
| ४. | २२५२९ | वडा स्तरीय मेलमिलाप समिति व्यवस्थापन | १००००० | वडा स्तरीय कानुनी सचेतना कार्यक्रम | १०००००/- | |
| ५. | ३११७१ | पूजिगत सुधार सार्वजनिक निर्माण | ७०००००.० | मानव संशाधन विकास | ७०००००.० | |
| ६. | ३२१५९ | सामजिक संघ संस्था साझेदारी | ३०००००.० | विभिन्न सामजिक संघ संस्था साझेदारी | २५०००.० | |
| | | | | सार्वजनिक निर्माण सुधार | १२५०००.० | |
| | | | | फूलवारी व्यवस्थापन तथा सरसफाइ कार्यक्रम | १५००००.० | |
| ७. | ३११५९ | आकस्मिक योजना तथा मर्मत संभार अन्य सार्वजनिक निर्माण | २०००००.० | मानव संसाधन विकास | २०००००.० | |
| ८. | ३१४११ | वसपार्क निर्माणका लागि जग्गा खरिद | २००००००.० | पर्यटकीय गेट निर्माण | ५०००००.० | |
| | | | | सूचना टि.भि. वोर्ड हिले वसपार्क | ४०००००.० | |
| | | | | हिले प्रहरी चौकी निर्माण | ३०००००.० | |
| | | | | आईतवारे मन्दिर व्यवस्थापन तथा पार्क निर्माण | २५००००.० | |
| | | | | हिले पुछार सिढी निर्माण | १०००००.० | |
| | | | | तीनतले टोलमा खानेपानी ट्यांकी निर्माण | ५००००.० | |
| | | | | गजुर होटल देखि चिया वगान सडक डि.पि.आर. निर्माण | १०००००.० | |
| | | | | त्रिसुले खानेपानी मर्मत | १५००००.० | |
| | | | | पाइप खरिद | १०००००.० | |
| | | | | गजुर होटल देखि विहिवारे हटिया सम्म सिढी निर्माण | ५००००.० | |
| ९. | ३११३२ | मेयरकप खेलकुद | १०,००,०००।– | रिदिमा रामलिहाङ फूटवल प्रतियोगिता | ३०००००.० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | स्टेप धनकुटा धनकुटा स्ट्रीट कल्चर फूड फेस्टिवल | २५0000.0 | |
| | | | | साग खेलकुद प्रतियोगितामा स्वर्ण पदक प्राप्त खेलाडीलाई पुरस्कार | १00000.0 | |
| | | | | साग खेलकुद प्रतियोगितामा कास्य पदक प्राप्त खेलाडीलाई पुरस्कार | ५0000.0 | |
| | | | | साग खेलकुद प्रतियोगितामा पदक प्राप्त खेलाडीलाई लाई सम्मान रु | २0000.0 | |
| | | | | जाल्पादेवी कृषि सहकारी संस्था | ५५000.0 | |
| १०. | ३११३२ | संगठन व्यवस्थापन सर्भेक्षण | ५,००,००० | तल्लो गोकुण्डेश्वर बालमन्दिर वाल निर्माण थप | ५,००,००० | |
| ११. | ३११३२ | योजना-योजना सफ्टवेयर खरिद | ३,५०,००० | नेपाल शेर्पा संघ | २५000.0 | |
| | | | | प्रदेश युवा समूह | २५000.0 | |
| | | | | निशानदेवी मिडिया प्रा लि - | ५0000.0 | |
| १२. | ३११७१ | **ल्याण्ड फिल्ड साइट स्तरोन्नति तथा कम्प्याक्सन** | ४,००,००० | वातावरण संरक्षण कोष थप | २२0000.0 | |
| | | | | स्कुलडाँडा पार्क व्यवस्थापन | १४0000.0 | |
| | | | | किरात आठपहरीया समाज | ४0000.0 | |
| १३. | ३११७१ | WIFI free zone निर्माण | २,००,००० | फङसुवा खोला सिचाइ योजनाको इन्टेकसम्म पुग्ने सिढी निर्माण | २,००,०००.0 | |
| १४. | ३११५९ | सार्वजनिक पार्किङ् स्थल निर्माण | ८,००,०००।– | श्री मार्गेश्वरी आधारभूत विद्यालय व्यवस्थापन ध न पा-४ छारागाउँ | ४00000.0 | |
| | | | | लक्ष्मीनारायण मन्दिर निर्माण ध न पा -५ | १00000.0 | |
| | | | | सिंहदेवी आधारभूत विद्यालय ध न पा-६ | ९५000.0 | |
| | | | | एकल महिला समूह अर्गानिक खेती कार्यक्रम ध न पा-५ | १२0000.0 | |
| | | | | राइजिङ युथ क्लव कुक तालिम | ७0000.0 | |
| | | | | वेलहारावेसी खहरे खोला माहाङ खानेपानी मर्मत | १५000.0 | |
| १५. | ३११५९ | यात्रु प्रतिक्षालय निर्माण | ८,००,००० | अन्तरपाटी महिला सञ्जाल | ५0000.0 | |
| | | | | **वहुमुखी पाठशाला धनकुटा- ७** | १00000.0 | |
| | | | | छोटी खानेपानी योजना धा ना पाा-७ | १00000.0 | |
| | | | | बाघखोर सार्वजनिक शौचालय ध. न. पा.-९- | ३00000.0 | |
| | | | | किरात युमा माङ्साङ चौविसे गा. पा. राजारानी | ७५000.0 | |
| | | | | भाषा मा. वि. एल्मुनाइ एशोसियसन - | १२५000.0 | |
| | | | | साग प्रतियोगितामा पदक प्राप्त | ५0000.0 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | खेलाडीलाई सम्मान- | | |
| १६. | ३११५१ | जिरोप्वाइन्ट वसपार्क सडक प्रदेशसँग साझेदारी | ३२०००००.० | जिरोप्वाइन्ट वसपार्क सडक प्रदेशसँग साझेदारी | २००००००. | |
| | | | | Climate Smart Village at Dhankuta साझेदारी | १२०००००. | |
| १७. | ३११५९ | अन्य सार्वजनिक निर्माण विविध | ८,४०,००० | मानव संशाधन विकास | **२,००,०००।–** | |
| | | | | सार्वजनिक निर्माण सुधार | **६,४०,०००।–** | |
| १८. | ३११५१ | भिरगाउँ पक्कि पुल निर्माण | २०,००,०००। | विहिवारे हाट – भिरगाउँ – हिले सडकको निवुवा खोला – मौवा डाँडा खण्डको सडक ढलाई | २००००००। | |
| १९. | २७११२ | अन्य सामाजिक सुरक्षा कार्यक्रम | ३००००० | जेष्ठ नागरिक आँखा उपचार कार्यक्रम ध. न. पा.-१ देखि १० | ७५,०००।– | |
| | | | | युवा खेलाडीलाई खेलसामग्री हस्तान्तरण | २५,०००।- | |
| २०. | २२५११ | कर्मचारी तालिम | ७,००,०००।– | कर्मचारी तालिम | ३०००००।– | |
| | | | | पाइप खरिद | २,००,०००। | |
| | | | | घरेलु डाँडावारी भुल्के कुवा सडक स्तरोन्नती | २,००,०००।– | |
| २१ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठि | ५,०४,००० | Climate Smart Village at Dhankuta | ५,०४,००० | |
| २२. | २१२१९ | अन्य सामाजिक सहायता | ३०००००.० | जेष्ठ नागरिक तीर्थ यात्रा ध. न. पा. – ७ | ७५,०००।– | |
| | | | | युवा खेलाडिहरुलाई खेल सामग्री हस्तान्तरण | २५,०००।- | |
| २३. | ३१५११ | समपुरक कोष | ४००००००.० | Climate Smart Village at Dhankuta | ११०००००.० | |
| | | | | धनकुटा नगरपालिका १ हिले वजार विजुलीको पोल र तार व्यवस्थापन | २०००००.० | |
| | | | | धनकुटा नगरपालिकाका विभिन्न वडाका समूह, व्यक्तिलाई उपलब्ध गराएको पाईपको भुक्तानी | ५०००००/- | |
| २४ | २२५१२ | फुटवल प्रशिक्षण कार्यक्रम | ५००००.० | रामालिहाङ रिदामाहाङ आठपहरीया महिला गोल्डकप | ५००००.० | |
| २५. | ३१११२ | सेभेन युथ क्लव भवन निर्माण | ५००००.० | रामालिहाङ रिदामाहाङ आठपहरीया महिला गोल्डकप | ५००००.० | |
| २६. | ३११७१ | कन्या देवी प्रा.वि. मर्मत संधार | ११००००.० | देउराली मा.वि. कम्पाउण्ड घेरावारा | ११००००.० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २७. | ३११५९ | अन्य सार्वजनिक निर्माण शहिद दिपक तिवारीको प्रतिमा संरक्षण | १०००००.० | तामाङ जातीको भेषभूषा खरिद | १०००००.० | |
| २८. | ३११५९ | विहिवारे हाट गोसखाना प्रदेशसंग साझेदारी | २६०००००.० | विहिवारे हाट गोसखाना प्रदेशसंग साझेदारी | २१०००००.० | |
| | | | | धनपा ७ को व्यापारीक भवन मर्मत | १५००००.० | |
| | | | | खानेपानी पाईप खरिद | ३५००००.० | |
| २९. | ३११५६ | डुम्रे खानेपानी योजना | ५०००००.० | खानेपानी योजनाका लागि मुल सहित जग्गा खरिद | ५०००००.० | |
| ३०. | ३१११५ | सालवोटे सिचाई योजना | १०००००.० | खानेपानी योजनाका लागि मुल सहित जग्गा खरिद | १०००००.० | |
| ३१. | ३११७१ | पूंजिगत सुधार सार्वजनिक निर्माण | ४०००००.० | पूंजिगत सुधार सार्वजनिक निर्माण | २५००००.० | |
| | | | | मानव संशाधन विकास तथा सचेतनामुलक कार्यक्रम | १५००००.० | |
| ३२ | ३११७१ | हिले वसपार्क | २००००००.० | अन्य निर्माण सुधार | १५०००००.० | |
| | | | | मेयर कृषि पर्यटन | ५०००००.० | |
| ३३. | ३११५१ | चुवाबोट, श्रीवानी, घुमाउने चौतारा सडक कालोपत्रे सडक | ३५०००००.० | चुवाबोट, श्रीवानी, घुमाउने चौतारा सडक कालोपत्रे सडक | ३०८००००.० | |
| | | | | अन्य निर्माण सुधार | १,३९,०००।– | |
| | | | | जनताको अपेक्षा नगरको शुभेक्षा | १,९९,९९६।– | |
| | | | | पाइप खरिद | ८१,००४।– | |
| ३४. | ३१११२ | थुप्तेन देछेन छोलिङ गुम्वा प्रशिक्षार्थी भवन निर्माण | १०००००.० | थुप्तेन देछेन छोलिङ गुम्वा प्रशिक्षार्थी भवन फर्निचर निर्माण | १०००००.० | |
| ३५. | ३११५१ | शिवालय मन्दिर देखि कैलेनी सडक | १०००००.० | हेली प्याड डाडा देखि गैरी टोल सडक | १०००००.० | |

निर्णय नं. ११

धनकुटा नगरकार्यपालिकाको कार्यालयमा विगत वर्षहरु देखि निरन्तर रुपमा हल्का सवारी चालक पदमा करार सेवामा कार्यरत तपसीलमा उल्लेखित कर्मचारीलाई स्थायी नियुक्ति दिई काम काज लगाउने निर्णय हुन नगर कार्यपालिकावाट नगरसभा समक्ष पेश भएकाले स्थायी नियुक्ति दिने निर्णय गरियो ।

तपसील

(१) अमर वहादुर राई धनकुटा नगरपालिका ८

(२) दिपेश भूजेल धनकुटा नगरपालिका ६

निर्णय नं. १२

धनकुटा नगरकार्यपालिकाको कार्यालयमा विगत ५ वर्ष वा सो भन्दा वढी समयदेखि स्वीकृत दरवन्दीमा अस्थायी करार सेवामा रही निरन्तर रुपमा नगरको सेवामा कार्यरत कर्मचारीहरु सोही पदमा स्थायी भएमा परीक्षणकाल नलाग्ने तथा वढुवा र उपदान प्रयोजनका लागि त्यस्तो अस्थायी / करार सेवाको नियमानुसारको अवधि गणना गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

नेपाल सरकारबाट स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण तथा सञ्चालन खर्च वापत रु. १,११,६०,०००।– प्राप्त हुन आएकोले उक्त रकमबाट निम्नानुसारका वडाहरुमा स्वास्थ्य संस्थाको भवन निर्माण गर्ने र अनुमोदनका लागि नगरकार्यपालिकावाट नगरसभा समक्ष पेश भएको निर्णय अनुमोदन गरियो ।
निर्णय गरियो ।

१) वडा नं. १० स्वास्थ्य संस्था भवन निर्माण
२) वडा नं. १ स्वास्थ्य संस्था भवन निर्माण
३) वडा नं. ८ स्वास्थ्य संस्था भवन निर्माण
४) वडा नं. ५ स्वास्थ्य संस्था भवन निर्माण
५) वडा नं. ४ स्वास्थ्य संस्था भवन निर्माण
६) वडा नं. ६ स्वास्थ्य संस्था भवन निर्माण

निर्णय नं. १४

धनकुटा नगरकार्यपालिकाको कार्यालयबाट तयार भई सरोकारवालहरु वीच छलफल पश्चात विधेयक मस्यौदा समितिको वैठकमा दफावार छलफल गरी धनकुटा नगरकार्यपालिकाको वैठकवाट स्वीकृतिका लागि नगरसभा समक्ष पेश हुन आएका तपसिलमा उल्लेखित ऐनहरु उपर विस्तृत छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

१) विद्यालय र शैक्षिक निकायहरुको व्यवस्थापन गर्न बनेको शिक्षा ऐन–२०७६
२) स्थानीय संघ संस्था दर्ता नवीकरण, सञ्चालन र व्यवस्थापन गर्न बनेको स्थानीय संघ संस्था दर्ता ऐन–२०७६
३) जलश्रोत सम्वन्धी व्यवस्थापन गर्न वनेको जलश्रोत ऐन–२०७६
४)स्थानीय राजपत्र प्रकाशन सम्वन्धी व्यवस्था गर्न वनेको ऐन २०७६

# धनकुटा नगरपालिकाको शिक्षा ऐन, २०७६

**प्रस्तावना**

शिक्षामा समतामूलक पहुँचको व्यवस्था गर्दै मानवीय मूल्य र मान्यताको प्रवर्धन गरी संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासका माध्यमबाट मुलुकको समृद्धिका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित जनशक्ति तयार गर्न धनकुटा नगरपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालय र शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकाले, "नेपालको संविधानको धारा २२१ र २२६ अनुसूची ८ को सूची नं. ८ र ९" तथा "स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ को खण्ड (ज) को अधिकारलाई कार्यान्वयन गर्न सोही ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी धनकुटा नगरपालिकाको छैठौं नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- एक
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "धनकुटा नगरपालिकाको शिक्षा ऐन, २०७६" रहेको छ ।
(२) यो ऐन धनकुटा नगरपालिकाको क्षेत्रभर लागू हुनेछ ।
(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनु पर्छ र सो शब्दले दफा १९ र दफा ३८ को प्रयोजनका लागि विद्यार्थीका बाबु आमा, बाजे बज्यै, र त्यस्ता अभिभावक नभएका विद्यार्थीका हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।
(ख) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्मको शिक्षा सम्झनु पर्छ ।
(ग) "ऐन" भन्नाले धनकुटा नगरपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ ।
(घ) "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।
(ङ) "कोष" भन्नाले दफा ४५ वमोजिम विद्यालय सञ्चालनका लागि खडा गरिएको विद्यालय कोषलाई सम्झनु पर्छ ।
(च) "तोकिएको वा तोकिए" वमोजिम भन्नाले यो ऐन वमोजिम बन्ने नियमावलीमा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ ।
(छ) "नगर शिक्षा समिति" भन्नाले धनकुटा नगरपालिकाको शिक्षा समितिलाई सम्झनु पर्दछ ।
(ज) "नगरपालिका" भन्नाले धनकुटा नगरपालिकालाई सम्झनुपर्छ । सो शब्दले नगर कार्यपालिकालाई समेत बुझाउँछ ।
(झ) "नगर सभा" भन्नाले धनकुटा नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।
(ञ) "प्रमुख" भन्नाले धनकुटा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।
(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धनकुटा नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।
(ठ) "प्राविधिक तथा ब्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।
(ड) "बाल शिक्षा केन्द्र" भन्नाले तीन र चार बर्ष उमेरका बालबालिकाको लागि सञ्चालन गरिने प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, किन्डरगार्टेन, मन्टेश्वरी आदि सम्झनु पर्छ ।
(ढ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।
(ण) "व्यवस्थापन समिति" भन्नाले दफा १९ र दफा ३८ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(त) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्मको शिक्षा सम्झनु पर्छ ।
(थ) “संस्थागत विद्यालय” भन्नाले नेपाल सरकार र नगरपालिकावाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा
स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्दछ ।
(द) “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकार र नगरपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।
(ध) “शिक्षा शाखा प्रमुख” भन्नाले नगर कार्यपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनु पर्छ ।
(न) “शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।
(प) “शिक्षा शाखा” भन्नाले नगर कार्यपालिकामा रहेको शिक्षा हेर्ने शाखा सम्झनु पर्छ ।
(फ) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।
(ब) “वडा समिति” भन्नाले नगरपालिकाको वडा समितिलाई सम्झनु पर्नेछ ।

## परिच्छेद- दुई

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

३. **विद्यालयको तह २ प्रकारका हुनेछन् :**
(क) आधारभूत तह : प्रारम्भिक वाल विकास केन्द्र देखि कक्षा ८ सम्मको शिक्षा दिइने विद्यालय,
(ख) माध्यमिक तह : कक्षा ९-१२ सम्मको शिक्षा दिइने विद्यालय ।

४. **माध्यमिक शिक्षाको प्रकार:** माध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछन्:-
(क) साधारण माध्यमिक शिक्षा,
(ख) संस्कृत माध्यमिक शिक्षा,
(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

५. **शिक्षाको माध्यम:**
(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम
हुन सक्नेछ :-
(क) आधारभूत तहसम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ ।
(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको
विषय अध्ययन गर्न सक्नेछ ।
(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

६. **आवासीय शिक्षा, विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :** नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी आवासीय शिक्षा, विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

७. **विद्यालयको वर्गीकरण:** (१) विद्यालयको सम्पत्ति, स्रोत साधन र लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिनेछ :-
(क) सामुदायिक विद्यालय,
(ख) संस्थागत विद्यालय,
(ग) गुठी विद्यालय,
(घ) मदरसा,
(ङ) गुम्बा,
(च) गुरुकूल ।

(२) मदरसा, गुम्बा, गुरुकूलजस्ता परम्परागत विद्यालयले राष्ट्रिय पाठ्यक्रमको प्रयोग गर्नु पर्नेछ ।

८. **विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने** : (१) कुनै नेपाली नागरिकले विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित शैक्षिक सत्र सुरु हुनु भन्दा तीन महिना अगाडि नै नगरपालिका समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर स्थलगत जाँचबुझ गर्दा तोकिएको पूर्वाधार पूरा भई विद्यालय खोल्ने अनुमति दिन मनासिब देखिएमा प्रतिवेदन सहित नगर शिक्षा समितिमा पेश गर्नु पर्नेछ । नगर शिक्षा समितिले शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै आफ्नो राय सहितको सिफारिश नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक
गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगरपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (२) अनुसार शिक्षा समितिको सिफारिस उपयुक्त लागेमा शैक्षिक सत्र सुरु हुनु भन्दा तीस दिन अगावै नगर
कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाले अनुमति दिनेछ ।

(५) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर पन्ध्र दिन भित्र आवश्यक जाँचबुझ गरी नगर
शिक्षा समितिमा राय सहित प्रतिवेदन पेश गर्नेछ र माग बमोजिम विद्यालय सञ्चालन गर्न नगर शिक्षा समितिको सिफारिस भएमा नगर कार्यपालिकाले अनुमति दिन सक्नेछ ।

(६) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदद्धारा तर्जूमा गरिएको प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा
सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले अनुमति प्रदान गर्न सक्नेछ । तर अनुमति दिनु अघि परिषदद्धारा तोकिएको मापदण्ड जाँचबुझ र एकिन गर्ने कार्य नगर शिक्षा समितिले गर्नेछ ।

(७) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका
विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः-

(८) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुले
शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

(१०) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा
नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ । नगरपालिकाबाट अनुमति भएमा शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(११) यस दफा अन्तर्गतका अन्य उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन
गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

(१२) यस अघि दर्ता भई सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन वमोजिम सञ्चालन भएका मानिने छन् ।

९. **धरौटी राख्नु पर्ने:** विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम तोकिएको बैंकमा मुद्दती खातामा धरौटी राख्नु पर्नेछ :-

**सामुदायिक विद्यालय**

(क) माध्यमिक विद्यालयको लागि एक लाख रूपैयाँ,

(ख) आधारभूत विद्यालयको लागि पचहत्तर हजार रूपैयाँ,

(ग) प्रारम्भिक बाल विकास केन्द्र देखि पाँच कक्षा सम्म सञ्चालित विद्यालयको लागि पच्चीस हजार रूपैयाँ ।

**संस्थागत विद्यालय**

(क) माध्यमिक विद्यालयको लागि दुई लाख रूपैयाँ,

(ख) आधारभूत विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ,

(ग) प्रारम्भिक बाल विकास केन्द्र देखि पाँच कक्षा सम्म सञ्चालित विद्यालयको लागि पचास हजार रूपैयाँ ।

तर, दफा ८ को उपदफा (९) बमोजिम विद्यालय सञ्चालन गर्न र विशेष आवश्यकता भएका वा सीमान्तकृत विद्यार्थीका लागि वा अति विकट भौगोलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले धरौटी छुट दिन सक्नेछ ।

१०. **धरौटी खाताको सञ्चालन :** (१) दफा ९ बमोजिमको धरौटी खाताको सञ्चालन विद्यालयका प्रधानाध्यापक र नगर कार्यपालिकाको कार्यालयले तोकेको अधिकृत प्रतिनिधिबाट हुनेछ ।

११. **पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेण्डर यसै बमोजिम हुने :** सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यसै ऐन वमोजिम पालना गर्नु पर्नेछ ।

१२. **बाल शिक्षा केन्द्र सञ्चालन :** नगरपालिकाले नगर शिक्षा समितिको सिफारिसमा विद्यालय बाहिर छुट्टै बाल शिक्षा केन्द्रको स्थापना गर्न, सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ ।

१३. **बाल गृहको सञ्चालन :** नगरपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले वाल गृह सञ्चालन गर्न सक्नेछ । बाल गृह सञ्चालनको लागि आवश्यक प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

१४. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने:** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ ।

१५. **नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :** (१) नगरपालिकाले तोकिएको मापदण्ड बमोजिम विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ । कक्षा १-५ सञ्चालित विद्यालयमा कुल पच्चीस जना भन्दा कम विद्यार्थी भएमा नगर शिक्षा समितिको सिफारिसमा कक्षा थपघट गरि अन्य कक्षाहरु वन्द गर्न सक्नेछ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नु परेमा उपयुक्त कारण सहित तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको निवेदन उपर नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले नाम
परिवर्तनको स्वीकृति दिन सक्नेछ ।

(४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको
नाम राख्न पाइने छैन । तर माध्यमिक तहको हकमा पचास लाख र आधारभूत तहको हकमा तीस लाख रुपैया प्रदान गर्ने व्यक्तिको नाममा विद्यालयको नाम राख्न वा परिवर्तन गर्न सकिनेछ ।

(५) तोकिएका सर्त र पूर्वाधार पूरा गरेमा नगरपालिकाले सम्बन्धित तहको कक्षा थप गर्न अनुमति दिन सक्नेछ ।

## परिच्छेद : ३

## शिक्षासम्बन्धी संरचनागत व्यवस्था

१६. **नगर शिक्षा समितिसम्बन्धी व्यवस्था:** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्न देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ :-

(क) प्रमुख
-अध्यक्ष

(ख) नगरसभाका सदस्यहरु मध्येबाट नगर कार्यपालिकावाट मनोनित महिला तथा दलित समेत तीनजना
- सदस्य

(ग) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येवाट नगर शिक्षा समितिले मनोनयन गरेका एकजना प्रधानाध्यापक
- सदस्य

(घ) संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनयन गरेका प्रतिनिधि एकजना
- सदस्य

(ङ) समाजसेवी, शिक्षा प्रेमी, वा चन्दादाताहरु मध्येबाट नगर शिक्षा समितिले मनोनयन गरेका कम्तीमा एकजना महिला र दलित सहित तीनजना
- सदस्य

(च) विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिले मनोनयन गरेका एकजना - सदस्य

(छ) नगरपालिका क्षेत्र भित्र गठन भएको नेपाल शिक्षक महासंघको अध्यक्ष
वा प्रतिनिधि एक जना
-सदस्य

(ज) प्रमुख प्रशासकिय अधिकृत
-सदस्य

(झ) शिक्षा शाखा प्रमुख सदस्य
सचिव

(२) नगरपालिका क्षेत्र भित्रका प्राविधिक धार तथा नमूना विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापकहरु, शिक्षा सम्बन्धी कार्यदल तथा उप-समितिका संयोजक, नेपाल शिक्षक महासंघमा आवद्ध संघ संगठनका प्रतिनिधिहरु, राहत शिक्षक संगठनका प्रतिनिधि,प्यावसन-एनप्यावसनका प्रतिनिधिहरुलाई उपदफा (१) बमोजिम समितिको बैंठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(३) नगर शिक्षा समितिको बैठकसम्बन्धी व्यवस्था : नगर शिक्षा समितिको बैठकसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) नगर शिक्षा समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(ख) नगर शिक्षा समितिको बैठक सो समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउने छ ।

(ग) माथि जुनसुकै कुरा लेखिएको भए तापनि नगर शिक्षा समितिका एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा सदस्य सचिवले जहिलेसुकै पनि नगर शिक्षा समितिको बैठक बोलाउनु पर्नेछ ।

(घ) नगर शिक्षा समितिको बैठक बापतको भत्ता नगर कार्यपालिकाका सदस्यले पाए सरह हुनेछ ।

(४) उपदफा (१) अनुसारका मनोनित सदस्यले पदीय आचरण पूरा नगरेमा नगर कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउनु वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टीकरणको मौकावाट बञ्चित गरिने छैन ।

(५) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) शैक्षिक योजना तय गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्ने,

(ख) नगरपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने,

(ग) विद्यालयलाई दिइने आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने,

(घ) विद्यालय तहका परीक्षालाई निष्पक्ष, मर्यादित, भयरहित र व्यवस्थित बनाउन, सहयोग गर्ने,

(ङ) विद्यालयको लेखा परीक्षक नियुक्ति गर्ने,

(च) नगरपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयको श्रोतबाट नियुक्त शिक्षकको सेवा, सुविधा र सर्तहरु
मापदण्ड तयार गर्ने,
(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने,
(ज) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्यांकन गर्ने,
(झ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने,
(ञ) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड,
कारवाही गर्ने गराउने,
(ट) नगरपालिका भित्रका विद्यालयमा कार्यरत योग्यता पुगेका शिक्षकहरु मध्येवाट शिक्षक छनौट गर्ने प्रयोजनका
लागि तहगत र विषयगत विशेषज्ञ छनौटको मापदण्ड बनाई विशेषज्ञ सूची तयार गर्ने,
(ठ) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृति र अनुमतिका लागि नगरपालिकालाई
आवश्यक राय सुझाव प्रदान गर्ने,
(ड) विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह थप गर्ने नीति तर्जुमा गरी नगरपालिकामा पेस गर्ने,
(ढ) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालनसम्बन्धी नीति तर्जूमा गर्ने,
(ण) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने,
(त) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने,
(थ) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने,
(द) शिक्षक तालिम नीति तर्जुमा गर्ने,
(ध) नगर कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,
(न) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्बन्धित तथ्याङ्कहरु राख्ने,
(प) शिक्षामा सवै बालबालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई ग्यारेण्टी गर्न आवश्यक नीति
तर्जूमा तथा कार्यक्रमहरु सञ्चालन गर्ने,
(फ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

१७. **शिक्षा शाखाको काम कर्तव्य र अधिकार :–** (१) नगरस्तरीय शिक्षा योजना तर्जुमा गरी नगर शिक्षा समितिमा पेश गर्ने,
(२) नगरपालिका तथा नगर शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासको लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,
(३) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने,
(४) नगर कार्यपालिका, नगर शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासको लागि आवश्यक सल्लाह
परामर्श दिने,
(५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने,
(६) नगर शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने,
(७) शिक्षा शाखा प्रमुखको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१८. **वडा शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति रहनेछ :
(क) सम्बन्धित वडाको वडाध्यक्ष - अध्यक्ष
(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना - सदस्य
(ग) संस्थागत र सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेका तीन जना - सदस्य
(घ) संस्थागत र सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्येबाट वडाध्यक्षले तोकेको दुई जना - सदस्य
(ङ) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एक जना - सदस्य
(च) सम्बन्धित वडाका वडासचिव - सदस्य
सचिव

(२) वडा शिक्षा समितिको बैठकसम्बन्धी व्यवस्था : वडा शिक्षा समितिको बैठकसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) वडा शिक्षा समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(ख) वडा शिक्षा समितिको बैठक सो समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउने छ ।

(ग) माथि जुनसुकै कुरा लेखिएको भए तापनि वडा शिक्षा समितिका एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा

सदस्य सचिवले जहिलेसुकै पनि वडा शिक्षा समितिको बैठक बोलाउनु पर्नेछ ।

(घ) वडा शिक्षा समितिको बैठक बापतको भत्ता वडा समितिको सदस्यले पाए सरह हुनेछ ।

(३) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने,

(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने,

(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने, गराउने,

(ङ) अभिभावक र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने,

(च) विद्यालयको सुपरिवेक्षण तथा अनुगमन गर्ने, गराउने,

(छ) विद्यालय गाभ्न, सार्न, नाम परिवर्तन गर्न, तह थप गर्न नगर शिक्षा समितिमा सिफारिस गर्ने,

(ज) वडाको शैक्षिक अभिवृद्धिका लागि आवश्यक कार्य गर्ने,

(झ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्ने अनुमतिका लागि सिफारिस गर्ने,

(ञ) नगर शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

१९. **<u>विद्यालय व्यवस्थापन समिति :</u>** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहने एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) अभिभावकहरुले छानी पठाएका कम्तीमा दुईजना महिला सहित तीन जना -सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सम्बन्धित वडा समितिले मनोनयन गरेको एकजना -सदस्य

(ग) विद्यालयका संस्थापक, चन्दादाताहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुई जना -सदस्य

(घ) स्थानीय शिक्षाप्रेमीहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(ङ) विद्यालयका शिक्षकहरुले आफुहरु मध्येवाट छानि पठाएको एक जना -सदस्य

(च) प्रधानाध्यापक -सदस्य-सचिव

(२) खण्ड (ग) बाहेकका सदस्यहरु छनौट तथा मनोनयन भएपछि बस्ने विद्यालय व्यवस्थापन समितिको बैठकले खण्ड (ग) अनुसारका सदस्यहरु मनोनित गर्नेछ ।

(३) उपदफा (१) र (२) अनुसार छानिएका वा मनोनित भई आएका सदस्यहरुले खण्ड (क), (ख) (ग) र (घ) अनुसारका सदस्यहरु मध्येवाट छनौट गरेको व्यक्ति अध्यक्ष हुनेछ ।

(४) व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मको लागि खण्ड (ङ) र (च) बाहेकका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) अध्यक्ष छनौटका लागि विद्यालय व्यवस्थापन समितिको पहिलो वैठक वसेको मितिले एक महिना भित्रमा अध्यक्ष छनौट हुन नसकेमा खण्ड (क),(ख) (ग) र (घ) का सदस्यहरु मध्येवाट नगर शिक्षा समितिले अध्यक्ष तोक्नेछ ।

(६) विद्यालय व्यवस्थापन समितिको बैठकमा विद्यार्थी वा विद्यालयमा रहेको वालक्लवका छात्रछात्रामध्ये एकजना लाई आमन्त्रित गर्नु पर्नेछ ।

(७) विद्यालय व्यवस्थापन समितिको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता समितिले तोकिएको जिमेवारी पूरा गर्न नसकेमा

वा अध्यक्ष वा कुनै सदस्यले पद अनुसारको आचरण पालना नगरेको देखिएमा नगर शिक्षा समितिले जुनसुकै बखत समिति
विघटन गर्न वा पदबाट हटाउन सक्नेछ । तर त्यसरी समिति विघटन वा पदबाट हटाउनु अघि सफाइ पेश गर्ने मौकाबाट
बञ्चित गरिने छैन । समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म नगर शिक्षा समितिले
अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(८) विद्यालयलाई शान्ति क्षेत्र र बालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पूरा गर्न आवश्यक कार्य गर्नु
व्यवस्थापन समितिको दायित्व हुनेछ ।

(९) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको बार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने,

(च) स्वीकृत दरवन्दी अनुसारका शिक्षकहरुको व्यवस्था गरी काममा लगाउने तथा नगरपालिकावाट स्वीकृत दरवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने,

(छ) नगर शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने,

(झ) नगरपालिका र नगर शिक्षा समितिले दिएका निर्देशनहरूको पालना गर्ने,

(ञ) प्रचलित कानून र नियम पालना नगर्ने शिक्षक, कर्मचारीलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने,

(ट) विद्यालयले आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने
र तोकिए बमोजिमको पारीश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ठ ) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने,

(ड) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(१०) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफैं बनाउन सक्नेछ ।

(११) यो दफा प्रारम्भ हुनु पूर्व गठन भएका विद्यालय व्यवस्थापन समिति यसै दफा वमोजिम भएको मानिनेछ ।

२०. **शिक्षक अभिभावक संघः** सबै विद्यालयमा शिक्षक र अभिभावक रहेको बढीमा पन्ध्र सदस्यीय शिक्षक अभिभावक संघ रहनेछ । शिक्षक अविभावक संघको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ४

## शिक्षक तथा कर्मचारीको दरबन्दी, सेवा सर्त र योग्यता

२१. **नगरपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्नेः** (१) नेपाल सरकारले तोकि दिए वाहेक नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षक दरवन्दीको निर्धारण र शिक्षक नियुक्ति नगरपालिकाले गर्न सक्नेछ ।

(२) नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा सङ्घीय वा प्रदेश
मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गरी शिक्षक दरबन्दी निर्धारण गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी नगरपालिकाले राख्नु पर्नेछ।

(४) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने कर्मचारी दरबन्दीको निर्धारण नगरपालिकाले
गर्नेछ ।

२२. **शिक्षक र कर्मचारीको सेवा शर्त, योग्यता र सक्षमता :** शिक्षक र कर्मचारीको सेवा शर्त, सुविधा, योग्यता र सक्षमता सङ्घीय
वा प्रदेश सरकारले तोकिदिए बमोजिम हुनेछ ।

२३. **शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था:** (१) देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको
व्यवस्थापन समितिले पदबाट हटाउन नगरपालिकामा सिफारिस गर्नेछः-

(क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,
(ख) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,
(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,
(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले नगरपालिकाको विना स्वीकृति विद्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा ।

(२) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा
नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ तर कार्यरत पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरण दिने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद ५
## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा र तालिम

२४. **शिक्षक तथा कर्मचारीको नियुक्ति :** (१) नगरपालिका क्षेत्रका विद्यालयहरुमा रिक्त रहेको शिक्षक दरबन्दीमा स्थायी पदपूर्ति संघीय कानुन बमोजिम हुनेछ ।

(२) विद्यालयमा कायम रिक्त शिक्षक तथा विद्यालय कर्मचारी पदमा स्थायी पदपूर्ति नभएसम्मका लागि नगरपालिकाको
अनुमति लिई करार नियुक्तिको व्यवस्था देहाय वमोजिमको शिक्षक तथा कर्मचारी छनौट समितिबाट हुनेछ :

(क) सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - संयोजक
(ख) नगरपालिकाको विशेषज्ञको सूचीबाट विद्यालय व्यवस्थापन समितिको सिफारिशमा नगर शिक्षा समितिको अध्यक्षले तोकेको एक जना महिला सहित २ जना - सदस्य
(ग) नगरपालिकाको शिक्षा शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत – सदस्य
(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

(३) कुनै तह वा विषयको विशेषज्ञ सूचीमा विशेषज्ञ उपलब्ध नभएको अवस्थामा नगरपालिकाभित्र उपलब्ध शिक्षकहरुमध्येबाट नगर शिक्षा समितिको अध्यक्षले तोके बमोजिम हुनेछ ।

(४) छनौट समितिले सञ्चालन गर्ने परीक्षा सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२५. **प्रधानाध्यापक सम्बन्धी व्यवस्था:** (१) सामुदायिक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति देहाय बमोजिम हुनेछ :

(क) माध्यमिक तहमा प्रधानाध्यापक हुन स्नातकोत्तर उपाधि प्राप्त माध्यमिक तहको स्थायी शिक्षक मध्येबाट वा सो
नभएमा स्नातक योग्यता प्राप्त योग्यतम् शिक्षकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा
नगरपालिकाले प्रधानाध्यापक नियुक्ति गर्नेछ ।

(ख) आधारभूत तहमा प्रधानाध्यापक हुन स्नातक उपाधि प्राप्त आधारभूत तहको स्थायी शिक्षक मध्येबाट वा सो
नभएमा प्रमाणपत्र तह योग्यता प्राप्त योग्यतम् शिक्षकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा
नगरपालिकाले प्रधानाध्यापक नियुक्ति गर्नेछ ।

(ग) प्रधानाध्यापकले नियुक्ति हुनु पूर्व पाँच बर्षे विद्यालय विकास प्रस्ताव र कार्य योजना विद्यालय व्यवस्थापन समिति
समक्ष पेश गर्नु पर्नेछ । प्रधानाध्यापक नियुक्तिमा विद्यालय विकास प्रस्तावको मूल्याङ्कन अङ्कलाई समेत आधार
लिइनेछ ।

(घ) प्रधानाध्यापकको अवधि पाँच बर्षको हुनेछ । निज सामान्यतया दुई कार्यकाल पदमा वहाल रहन सक्नेछ ।

(ङ) प्रधानाध्यापकले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा नगरपालिकाले हटाउन सक्नेछ तर एक
पटक स्पष्टीकरणको मौका दिइनेछ ।

(च) विद्यालयको व्यवस्थापकीय तथा प्राज्ञिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(छ) संस्थागत विद्यालयको हकमा माध्यमिक तहमा स्नातकोत्तर र आधारभूत तहमा स्नातक गरेको र सम्बन्धित तहको अध्यापन अनुमती पत्र प्राप्त शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा
समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ । सो नभएमा माध्यमिक तहमा स्नातक उत्तिर्ण र आधारभूत तहमा
प्रविणता प्रमाण पत्र तह उत्तिर्ण गरेका शिक्षकहरु मध्येबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

२६. **शिक्षक तथा कर्मचारीहरुको सरुवा सम्बन्धी व्यवस्था:** (१) न्यूनतम दुई वर्ष एकै विद्यालयमा अध्यापन गरेको शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा सम्बन्धित विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिको सहमति सहित नगरपालिकामा सरुवाको लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनको आधारमा नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले सरुवा गर्न सक्नेछ ।

(२) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ । विशेष अवस्था भन्नाले
निज सो विद्यालयमा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिने छ ।

(३) अन्तर स्थानीय तह सरुवा हुन चाहने शिक्षक, कर्मचारीले सरुवाको लागि तोकिएको ढाँचामा सरुवा भई जान चाहेको
विद्यालय र सम्बन्धित गाउँपालिका, नगरपालिका तथा आफु सेवारत विद्यालय र गाउँपालिका, नगरपालिकाको सरुवा सहमति
सहित निवेदन गरेमा नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले अन्तर स्थानीय तह सरुवा गर्न सक्नेछ ।

(४) कुनै शिक्षकले शारिरीक अस्वस्थता वा पारिवारिक समस्याका कारणले नगर क्षेत्रका पायक पर्ने विद्यालयमा काज
सरुवाको लागि निवेदन दिएमा कार्यरत रहेको विद्यालय व्यवस्थापन समितिको सहमतिमा एकपटकमा बढीमा तीन महिनाको
लागि नगरपालिकाले काज सरुवा गर्न सक्नेछ ।

२७. **दरवन्दी मिलान:** (१) नगर शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरवन्दी मिलानका लागि नगर कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) यसका लागि शिक्षक कम भएका विद्यालय, पिछडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

२८. **शिक्षकको बढुवा सम्बन्धी व्यवस्था:** हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ति पाएका करार शिक्षककहरुको बढुवा हुने छैन ।

२९. **शिक्षकलाई अन्य काममा लगाउन नहुने :** (१) सामुदायिक विद्यालयका शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन
सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना,
निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

३०. **कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेः** शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्य सम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नु पर्नेछ ।

(१) नगरपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृतसँग, शिक्षा शाखा प्रमुखले सबै
विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षकहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(२) कार्य सम्पादन करार सम्झौता एक वर्षको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन गरी प्रमुख
प्रशासकीय अधिकृतले बार्षिक प्रतिवेदन आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) वार्षिक कार्य सम्पादन करारका सूचकहरुको निर्धारण नगर शिक्षा समितिको सिफारिशमा नगर कार्यपालिकाले गर्नेछ ।

(४) शिक्षकको सृजनशीलता, परिवर्तनशीलताको विकास हुने प्रकारका कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्नु पर्नेछ ।

३१. **कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार :** (१) कार्य सम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरुको कार्य सम्पादन
क्षमताको आधारमा मूल्याङ्कन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक, कर्मचारीलाई नसिहत गर्नु पर्नेछ ।

(२) शिक्षक तथा कर्मचारीको कार्य सम्पादन करारका आधारमा हुने सजाय तथा पुरस्कारसम्बन्धी व्यवस्था तोकिए बमोजिम
हुनेछ ।

## परिच्छेद ६

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

३२. **विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण :** (१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेलमैदान, कम्पाउण्ड घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र-छात्राको लागि अलग अलग शौचालय तथा सिकाइमैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठन पाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्नेछ ।

३३. **विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम
अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम सम्बन्धित नगरपालिका शिक्षा कोषमा जम्मा गर्नेछ । यस कोषमा अनुदान, दान, दण्ड जरिवाना वा अन्य कुनै विधिबाट प्राप्त रकम जम्मा हुनेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय
सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त

गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ ।

३४. **सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन :** (१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहनेछ । सो विद्यालय वन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा नगरपालिकाले भोग चलन गर्न सक्नेछ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको हुनेछ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिका र नेपाल सरकारको रहनेछ ।

३५. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक:** (१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रदेश तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकको संख्या तोकिएको समय सीमा भित्र नगर शिक्षा समितिमा माग गर्नु पर्नेछ ।

(३) नगर शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित सरोकारवालाहरु सँग समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ ।

(४) नगरपालिकाले आधारभूत तहसम्मको शिक्षाको लागि स्थानीय आवश्यकतामा आधारित बढीमा एकसय पूर्णाङ्क वा चार क्रेडिट आवर बराबरको स्थानीय पाठ्यक्रम र सोको पाठ्पुस्तक लागू गर्न सक्नेछ ।

५) हरेक विद्यालयमा शैक्षिकस्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ ।

३६. **अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन :** विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरु, बालक्लव तथा वातावरणमैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकूद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेदः ७
## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमनसम्बन्धी व्यवस्था

३७. **संस्थागत विद्यालयलले अनुमति लिनु पर्ने :** संस्थागत विद्यालय सञ्चालन गर्न यो ऐनको दफा ८ वमोजिम अनुमति लिनु पर्नेछ । यो ऐन प्रारम्भ हुदाको वखत कम्पनिको रुपमा सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुले नगरपालिकामा तोकिएको ढाँचामा सूचि दर्ता गराएपछि अनुमति पाए सरह हुनेछ ।

३८. **संस्थागत विद्यालयको व्यवस्थापन समिति :** (१) संस्थागत विद्यालयहरुको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न प्रत्येक विद्यालयमा देहायको विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगरपालिकाबाट मनोनित - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना - सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट विद्यालयको सिफारिसमा नगर शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(घ) शिक्षा शाखा प्रमुख - सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना - सदस्य

(च) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) विद्यालय व्यवस्थापन समितिको पदावधि तीन वर्षको हुनेछ ।

३९. **संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) नेपाल सरकार र नगरपालिकाले तोकेे बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने गराउने,

(ङ) प्रचलित कानुन बमोजिम योग्यता पुगेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सवै नीति, नियम, तथा निर्देशनहरूको पालना गर्ने ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०. **संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :** (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित विद्यार्थीहरुलाई नगरपालिकाको सिफारिसमा छात्रवृत्ति वा निशुल्क शिक्षा उपलब्ध गराउनु पर्नेछ । सोको यथार्थ जानकारी सम्वन्धित वडा समिति र नगरपालिका समक्ष बुझाउनु पर्नेछ ।

(२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रकृया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

४१. **शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्ने**: संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

४२. **अनुगमन तथा मूल्याङ्कन** : संस्थागत विद्यालयको गुणस्तर कायम राख्न नगरपालिका र नगर शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न र निर्देशन दिन सक्नेछ । प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

४३. **अनुमति वा स्वीकृति रद्द गर्ने** : कुनै संस्थागत विद्यालयले प्रचलित कानुन विपरीत कुनै काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेदः ८
## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

४४. **परीक्षा समिति तथा परीक्षा सञ्चालन** : (१) नगरपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा आधारभूत तहको कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको परीक्षा समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) सामुदायिक तथा संस्थागत विद्यालयहरुका प्रधानाध्यापकहरु मध्येबाट नगर शिक्षा समितिले तोकेका प्रधानाध्यापक तीन जना - सदस्य

(ग) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) स्थानीय तहको क्षेत्राधिकार बाहिरको वा वाह्य निकायवाट सञ्चालन हुने परीक्षा सञ्चालन गर्ने सम्बन्धित निकायवाट
भएको व्यवस्था वमोजिम सहजीकरण र समन्वय गर्नेछ ।

(४) आधारभूत तहको परीक्षा सञ्चालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम हुनेछ । परीक्षा सञ्चालनका लागि
सम्वन्धित विद्यार्थीहरुबाट परीक्षा शुल्क लिन सक्नेछ ।

(५) अन्य कक्षाहरुको परीक्षा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले सञ्चालन गर्नेछ ।

## परिच्छेदः ९
## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

४५. **विद्यालय कोषः** प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका रकमहरु रहने छन् :-

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,
(ख) शुल्क तथा अभिभावक सहयोगबाट प्राप्त रकम,
(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र
(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

४६. **अनुदानको व्यवस्था :** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।

(३) प्राविधिक तथा व्यवसायिक विद्यालय र मातृभाषामा शिक्षा दिने विद्यालयलाई प्रोत्साहन अनुदान दिन सक्नेछ ।

(४) नगरपालिकाले संस्थागत विद्यालयलाई दफा ५२ को उपदफा (६) बमोजिम प्राप्त रकम बाट तोकिए बमोजिम शैक्षिक
सुधारका लागि विषेश अनुदान दिन सक्नेछ ।

४७. **बजेट तयार गर्ने :** प्रधानाध्यापकले प्रत्येक वर्षको बैशाख मसान्त भित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई नगर शिक्षा समितिमा पठाउनु पर्नेछ ।

४८. **लेखा व्यवस्थापन :** (१) सबै विद्यालयहरुले प्रचलित कानुन अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) नियमित कारोबारको लेखा राख्न छुट्टै ब्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

४९. **सामुदायिक विद्यालयको खाता सञ्चालन :** (१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नु पर्नेछ ।

(२) विद्यालयको खाता सञ्चालन प्रधानाध्यापक र व्यवस्थापन समितिले तोकेको लेखा हेर्ने कर्मचारी वा शिक्षकको संयुक्त
दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ ।

५०. **लेखा परीक्षण तथा सामाजिक परीक्षण :** (१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिकभित्र नगर शिक्षा समितिको सिफारिशमा नगरपालिकाले तोकेको रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको पन्ध्र दिन भित्र नगर शिक्षा समिति मार्फत नगरपालिकामा पेश
गर्नु पर्नेछ ।

(३) प्रत्येक बर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय-व्यय, शैक्षिक उपलब्धि, विद्यालयको आन्तरिक
गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी

पृष्ठपोषण लिनु पर्नेछ ।

५१. **छात्रवृतिको व्यवस्था गर्न सक्ने:** नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम
छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

५२. **शुल्क सम्बन्धी व्यवस्था:** (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन तर अभिभावक सहयोग लिन बाधा पुऱ्याइएको मानिने छैन ।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क
तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइ सकेपछि पुनः सोही विद्यालयको अर्को
कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(४) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क नगर शिक्षा समितिबाट स्वीकृत भए बमोजिम हुनेछ । त्यसरी
शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिइनेछ ।

(६) संस्थागत विद्यालयले लिएको विभिन्न शुल्कबाट नगरपालिकालाई आर्थिक ऐनमा तोकेबमोजिम व्यवसाय कर बुझाउनु
पर्नेछ ।

(७) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित
विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ । यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

५३. **विद्यालयलाई छुट र सुविधा** : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट हुनेछ ।

(२) उपदफा (१) मा लेखिए बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा
रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम
हुनेछ ।

## परिच्छेदः १०
## विविध

५४. **प्राविधिक तथा व्यावसायिक शिक्षाका विषयमा अध्यापन :** नगरपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिनेछ । यस्ता विद्यालय सञ्चालनका लागि नगरपालिकाले सम्भाव्यता अध्ययन, आवश्यक स्रोत पहिचान, परिचालन तथा थप सुविधा प्रदान गर्न सक्नेछ ।

५५. **नगरपालिकाले निर्देशन दिन सक्ने:** (१) नगरपालिकाले विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

५६. **शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन:** (१) नगरपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, कोचिङ कक्षा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, कोचिङ कक्षा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व
तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

५७. **प्रगति विवरण बुझाउनु पर्ने :** विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिकामा पेस गर्नु पर्नेछ ।

५८. **शिक्षक वा विद्यालयका कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउने:** विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय सञ्चालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धी कुनै कार्य गर्न पाउने छैन ।

५९. **स्थानीय शिक्षा विकास कोष:** १) नगरपालिकामा आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पिडित, असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत वा प्रोत्साहित गर्न शिक्षा विकास कोष स्थापना हुनेछ ।

२) कोषमा देहाय बमोजिमका रकम रहनेछ :

(क) नेपाल सरकार, प्रदेशसरकार र नगरपालिकाबाट प्राप्त अनुदान,
(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,
(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र,
(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

३) उपदफा १ बमोजिमका कोषको खाता सञ्चालन नगर कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतबाट हुनेछ ।

६०. **दण्ड सजाय:** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई नगरपालिकाले बिगो असूल उपर गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी
तोकिए वमोजिम सजाय हुनेछः-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,
(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,
(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्ने प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,
(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,
(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,
(च) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,
(छ) कानुन विपरीतको अन्य कार्य गरेमा ।

६१. **निलम्बन गर्न सक्ने :** (१) विद्यालयका कुनै शिक्षक वा कर्मचारी उपर सजाय दिन पाउने अधिकारीले सजाय दिनु भन्दा अघि
कुनै विषयमा जाँच गर्नु परेमा निजलाई निलम्बन गर्न सक्नेछ ।

(२) विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी
मुद्दा दायर भएको मिति देखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ ।

(३) शिक्षक कर्मचारीको सजाय सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६२. **पुनरावेदन:** नगर कार्यपालिकाले गरेको सजायको आदेश उपर तोकिए वमोजिम पुनरावेदन लाग्नेछ ।

६३. **नियम बनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

६४. **संक्रमणकालीन व्यवस्था :** यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम, नियमावली नआउँदासम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

६५. **साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्ने:** संघीय सरकार, प्रदेश सरकार र अभिभावकहरु बीच साझेदारीमा नगरपालिकाले प्राविधिक तथा व्यवसायिक माध्यमिक विद्यालय सञ्चालन गर्न सक्नेछ ।

६६. **बाधा अडकाउ फुकाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ । त्यस्तो आदेश जारी भएपछि तत्काल बसेको नगरसभा समक्ष अनुमोदनका लागि पेस गर्नु पर्नेछ ।

६७. **बचाउः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९
अनुसार कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान, संघीय कानुन र प्रदेश कानुनसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः
निष्क्रिय हुनेछन् ।

# <u>धनकुटा नगरपालिकाको संस्था दर्ता ऐन, २०७६</u>

**प्रस्तावनाः**

स्थानीय स्तरमा सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको दर्ता नवीकरण ,सञ्चालन तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ समेतले दिएको अधिकार प्रयोग गरी धनकुटा नगरपालिकाका छैठौं नगर सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यस ऐनको नाम "धनकुटा नगरपालिकाको संस्था दर्ता ऐन, २०७६" रहेकोछ।

(२) यो ऐन धनकुटा नगरपालिका क्षेत्रभित्र प्रयोग हुनेछ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ख) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले धनकुटा नगरपालिकालाई सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको संस्था सञ्चालन समिति सम्झनु पर्छ।

(ङ) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्रीसंघ समेतलाई जनाउँछ।

३. **<u>दर्ता नगरी संस्था खोल्न नहुने</u>** : यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन।

४. **<u>संस्थाको दर्ता</u>** : (१) संस्था स्थापना गर्न चाहने सात जना वा सो भन्दा बढी व्यक्तिले देहायको विवरण खुलाई संस्थाको विधान दुई प्रति र तोकिएको दस्तुर सहित नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ :-

(क) संस्थाको नाम,

(ख) उद्देश्य,

(ग) समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक श्रोत,

(ङ) कार्यालय रहने ठेगाना,

(च) संस्थाको छाप ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण-पत्र दिनेछ ।

(३) कार्यालयले संस्था दर्ता नगर्ने निर्णय गरेमा पन्ध्र दिन भित्रमा सो सूचना निवेदकलाई दिनु पर्नेछ । निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो निर्णय उपर नगरपालिका समक्ष उजूर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजुरी प्राप्त भएपछि नगरपालिकाले आवश्यक जाँचबुझ गरी दर्ता गर्न मनासिव ठहराएमा प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(५) संस्था दर्ता गरी दिइने प्रमाणपत्रको ढाँचा, अवधि, नवीकरण प्रक्रिया र दर्ता तथा नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

५. **संगठित संस्था मानिने** : (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ ।

६. **संस्थाको सम्पत्ति** : (१) संस्थाको सदस्य वा कर्मचारी लगायतका व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा नगरपालिकाले सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्ने व्यक्तिबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) संस्थाको सदस्य वा कर्मचारीले संस्थाको सम्पत्ति, कागजात, प्रतिष्ठा विरुद्ध अपराध वा विगार गरेमा संस्थाले प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ ।

७. **यो ऐन स्वीकृत हुनु अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने** : (१) यो ऐन, प्रारम्भ हुनु भन्दा अघि प्रचलित कानुन बमोजिम दर्ता भई संचालनमा रहेका संस्थाले यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र नगर कार्यपालिकाको कार्यालयमा अनिवार्य दर्ता हुनु पर्नेछ । आर्थिक वर्ष समाप्तिको तीन महिना भित्र नियमित रुपमा नवीकरण गर्नु पर्नेछ । नगरपालिकाले आवश्यकता महसूस गरेमा तीन महिनाका लागि नवीकरणको म्याद थप गर्न सक्नेछ ।

८. **संस्थाको उद्देश्य हेरफेर** : (१) संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा वा संस्थालाई अर्को संस्थामा गाभ्न उचित ठानेमा सञ्चालन समितिले संस्थाको विधान बमोजिम सभावाट निर्णय गराउनु पर्नेछ ।

(२) संस्थाका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा पारित भएको मानिनेछ । तर, प्रस्ताव कार्यान्वयन गर्न नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

९. <u>प्रगति विवरण पेस गर्नु पर्ने:</u> समितिले आफ्नो संस्थाको आयव्यय, लेखा परीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय सहित वार्षिक प्रगति प्रतिवेदन प्रत्येक वर्ष नगरपालिकामा पेस गर्नु पर्नेछ ।

**१०. <u>हिसाब जाँच गर्ने</u>** : (१) नगरपालिकाले आवश्यक देखेमा संस्थाको हिसाब कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए वापत नगरपालिकाले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमवाट हिसाव जाँच दस्तूर असूल गरी लिन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले नगरपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन पेश गर्नु पर्नेछ । प्रतिवेदनको आधारमा संस्थाको सम्पत्ति, पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको पाईएमा नगरपालिकाले सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीबाट हानी नोक्सानी असूल गर्न प्रचलित कानुन बमोजिम कारवाई चलाउन सक्नेछ । तर प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

**११. <u>निर्देशन दिने</u>** : नगरपालिकाले संस्थालाई विधान अनुसार कार्य नगरेको अवस्थामा आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१२. <u>दण्ड सजाय</u>** : (१) दफा (३) र (७) बमोजिम दर्ता नगराई संस्था स्थापना वा संचालन गरेमा संस्थाको समितिका सदस्यहरुलाई नगरपालिकाले जनही तीन हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(२) दफा (९) बमोजिम हिसाबको विवरण नपठाएमा समितिका सदस्यहरुलाई नगरपालिकाले जनही पाँच सय रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा (९) उल्लङ्घन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा (१०) को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई नगरपालिकाले पाँचसय रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(४) दफा (८) बमोजिम नगरपालिकाको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नगरपालिकाले

दिएको निर्देशन पालन नगरेमा नगरपालिकाले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

**१३. पुनरावेदन** : दफा (६) र दफा (१२) बमोजिम नगरपालिकाले गरेको अन्तिम निर्णय उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**१४. संस्थाको विघटन** : (१) संस्थाको विधान बमोजिम कार्य सन्चालन गर्न नसकी वा कुनै कारणवश संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा नगरपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा जायजेथाले खामे सम्म मात्र नगरपालिकाले व्यहोर्नेछ ।

**१५. अधिकार प्रत्यायोजनः** यो ऐन वा यस ऐन अन्तरगत वनेको  नियमावली बमोजिम कार्यपालिकालाई प्राप्त अधिकार आवश्यक्ता अनुसार प्रमुख प्रशासकीय अधिकृत वा अधिकृतस्तरका कर्मचारी वा वडाहरुलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१६. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम, कार्यविधि बनाउन सक्नेछ ।

**१७. अन्य कानुन बमोजिम दर्ता वा स्थापना हुने संस्था** : संस्थाको दर्ता वा स्थापना सम्बन्धमा प्रचलित कानुनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन बमोजिम हुने छ ।

**१८. खारेजी र बचाउ** : (१) नगरपालिका क्षेत्रभित्र संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भई सञ्चालनमा रहका स्थानीय संघ सस्थाहरु यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

(२) यो ऐनमा भएको व्यवस्था संघीय कानुन वा प्रदेश कानुनसँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

# धनकुटा नगरपालिकाको जलस्रोत ऐन, २०७६

**प्रस्तावना :**

धनकुटा नगरपालिका भित्रको भू-सतह वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास तथा जलश्रोतको उपयोग, व्यवस्थापनबाट हुने वातावरणीय प्रभावलाई कम गर्दै जलस्रोतलाई प्रदूषणमुक्त राख्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (४) खण्ड (ग) र (घ) तथा दफा ११ को उपदफा (७) को अधिकार कार्यान्वयन गर्न सोही ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी धनकुटा नगरपालिकाको छैठौं नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "धनकुटा नगरपालिकाको जलस्रोत ऐन, २०७६" रहेको छ ।
(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमति प्राप्त व्यक्ति" भन्नाले जलस्रोतको उपयोग गर्ने दफा ८ बमोजिम अनुमति प्राप्त व्यक्ति वा सङ्गठित संस्था सम्झनुपर्छ ।

(ख) "उपभोक्ता संस्था" भन्नाले दफा ५ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनु पर्छ ।

(ग) "जलस्रोत" भन्नाले धनकुटा नगरपालिका भित्र भू-सतह वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(ङ) "लाभदायक उपयोग" भन्नाले उपलब्ध साधन र स्रोतले भ्याएसम्म उचित रूपले गरिएको जलस्रोतको उपयोग सम्झनु पर्छ ।

३. स्वामित्व र भोगाधिकार : (१) धनकुटा नगरपालिका भित्र रहेको जलस्रोतको स्वामित्व संघीय कानुन बमोजिम हुनेछ ।
(२) धनकुटा नगरपालिका भित्र रहेको सम्पूर्ण जलस्रोतको भोगाधिकार नगरपालिकामा निहित रहनेछ ।

४. जलस्रोतको उपयोग : (१) यस ऐन बमोजिम नगरपालिकाबाट अनुमति प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति लिनुपर्ने छैन :-

(क) व्यक्तिगत वा सामूहिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोजनका लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो जग्गाको सिंचाइ गर्न,

(ग) घरेलु उद्योगको रूपमा पानीघट्ट चलाउन,

(घ) व्यक्तिगत रूपमा स्थानीय आवागमनको लागि डुङ्गाको प्रयोग गर्न,

(ङ) जग्गाधनीले आफ्नो जग्गाभित्र मात्र सीमित रहेको जलस्रोत उपयोग गर्न ।

(३) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले अरूलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नु पर्नेछ ।

५. जल उपभोक्ता संस्थाको गठन : (१) सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले तोकिए बमोजिम जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।
(२) उपदफा (१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई नगरपालिकासमक्ष तोकिए बमोजिम दर्ता गराउनु पर्नेछ ।

६. **<u>उपभोक्ता संस्था संगठित संस्था हुने</u>** : (१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्थापन गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नासिल उजुर लाग्न सक्नेछ ।

७. **<u>जलस्रोत उपयोगको प्राथमिकता</u>** : (१) जलस्रोतको उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नु पर्नेछ :-

(क) खानेपानी र घरेलु उपयोग,

(ख) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(ग) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(घ आमोद प्रमोदजन्य उपयोग,

(ङ) सिंचाई,

(च) जल यातायात,

(छ) जलविद्युत,

(ज) अन्य उपयोग ।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा नगरपालिकाले उपदफा (१) को प्राथमिकताक्रम, दफा ४ को उपदफा (३) बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा जलस्रोतको उपयोग गर्न पाउने, नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम नगरपालिकाले निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ ।

(४) नगरपालिकाले उपदफा (२) बमोजिम प्रावधानको निर्धारण गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ ।

(५) पहिले भइरहेको उपयोगलाई वाधा पुग्ने गरी नयाँ ढङ्गले जलश्रोतको उपयोग गर्दा आपसी सहमतीमा मात्र गरिनेछ ।

८. **<u>अनुमति पत्रको व्यवस्था</u>** : (१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका अन्य विवरणहरू खुलाई नगरपालिका समक्ष अनुमतिको लागि दरखास्त दिनु पर्नेछ । तर जलस्रोतको सर्वेक्षणको अनुमतिको लागि दरखास्त दिँदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षणको अनुमतिको हकमा वीस दिन भित्र र जलस्रोत उपयोगको अनुमतिको हकमा तीन महिनाभित्र तोकिए बमोजिमको ढाँचामा आवश्यक शर्तहरू तोकी दफा ७ को उपदफा (१) मा उल्लिखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुमति दिनु पर्नेछ ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अगावैदेखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा सङ्गठित संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र नगरपालिका समक्ष अनुमतिका लागि दरखास्त दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको दरखास्तमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी दरखास्त परेको मितिले साठी दिनभित्र तोकिए बमोजिमको ढाँचामा अनुमति दिनु पर्नेछ ।

(५) अनुमति प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत नगरपालिकालाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(६) अनुमति प्राप्त व्यक्तिले आफ्नो अनुमति विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा

नगरपालिकावाट स्वीकृति लिनु पर्नेछ ।

९. <u>जलविद्युतको लागि जलस्रोतको उपयोग</u> : (१) दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि ठुला जलविद्युत उत्पादन गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा निर्माण गर्ने अनुमतिको सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ ।
(२) जलविद्युतको उत्पादन गर्ने सिलसिलामा जलस्रोतको उपयोग सम्बन्धी अन्य कुराहरू यसै ऐन बमोजिम हुने छन् ।

१०. <u>स्थानीय तहले जलस्रोतको उपयोग गर्न सक्ने</u> : (१) नगरपालिका आफैँले वा सह लगानीमा जलस्रोतको उपयोग वा
विकास गर्न यस ऐनको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।
(२) कसैले यस ऐन बमोजिम उपयोग गरेको जलस्रोत र सोसँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना सार्वजनिक उपयोग गर्नु परेमा संघीय वा प्रदेश कानुन र सोको विपरीत नहुने गरी नगरपालिकाले तोके बमोजिम हुनेछ ।
स्पष्टीकरण : यस ऐनको प्रयोजनको लागि “सार्वजनिक उपयोग” भन्नाले भैरहेको उपयोगबाट लाभान्वित भईरहेका जनसंख्यालाई प्रतिकूल असर नपर्ने गरी सो भन्दा बढी जनसंख्यालाई लाभ हुने उपयोगलाई जनाउनेछ ।
(३) उपदफा (२) बमोजिम आफूले लिएको जलस्रोतको उपयोगसित सम्बन्धित जग्गा, भवन, उपकरण वा संरचना वापत कानुनबमोजिम सम्बन्धित व्यक्तिलाई क्षतिपूर्ति दिईनेछ ।
(४) उपदफा (३) बमोजिम दिइने क्षतिपूर्तिको रकम तोकिए बमोजिम हुनेछ ।

११. <u>जलस्रोत विकास परियोजना हस्तान्तरण गर्न सक्ने</u> : (१) नगरपालिकाले विकास गरेको कुनै जलस्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भएपछि उपभोक्ता संस्थालाई आवश्यक शर्तहरू तोकी हस्तान्तरण गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको परियोजनाको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ ।
यस एनेको अधीनमा रही आफूले अनुमति प्राप्त गरे सरह सो परियोजनाको सञ्चालन व्यवस्थापन सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

१२. <u>जलस्रोतको उपयोगका लागि करार गर्न सक्ने</u> : यस ऐनमा अन्यत्र जुनसु कै कुरा लेखिएको भए तापनि नगरपालिकाले स्वदेशी कम्पनी, सङ्गठित संस्था वा व्यक्तिसित प्रचलित कानुनको अधीनमा रही करार गरी सोही करारमा उल्लेखित शर्तहरू बमोजिम जलस्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न, गराउन सक्नेछ ।

१३. <u>सेवा उपभोगको शर्त तोक्ने र सेवा शुल्क लिन पाउने</u> : (१) अनुमति प्राप्त व्यक्तिले आफूले विकास गरेको जलस्रोतको सेवा अन्य कसैलाई आपसी सहमतिको आधारमा उपयोग गर्न उपलब्ध गराएमा त्यस्तो सेवा उपलब्ध गराए वापत सेवा शुल्क लिन सक्नेछ ।
(२) नगरपालिकाले विकास गरेको जलस्रोत सेवा अन्य कसैलाई उपलब्ध गराए वापत तोकिए बमोजिम सेवा शुल्क लिन सक्नेछ ।

१४. <u>सेवा रोक्न सकिने</u> : सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनधिकृत रूपले उपयोग गर्ने वा सेवा दुरूपयोग गर्ने वा शर्त विपरीत सेवा उपभोग गरेमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

१५. <u>अरूको घर जग्गामा प्रवेश गर्न सक्ने</u> : (१) अनुमति प्राप्त व्यक्तिले जलस्रोतको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा नगरपालिकाले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम प्रवेश गर्दा हानी नोक्सानी हुन गएमा प्रचालित कानूनले निर्धारण गरे बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ ।
(३) जलस्रोतको अनधिकृत उपयोग वा दुरूपयोग गरेको शङ्का लागेमा जाँचबुझ गर्न वा हुन सक्ने संभावित दुर्घटनाबाट बचाउन पूर्व सूचनाबिना कर्मचारीले सम्बन्धित घर जग्गामा प्रवेश गर्न सक्नेछ ।

१६. **अरूको घर जग्गाको उपयोग वा प्राप्ति** : (१) जलस्रोतको उपयोगको लागि देहायको कुनै काम गर्न कसैको घर जग्गा
उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमति प्राप्त व्यक्ति वा संस्थाले नगरपालिका समक्ष तोकिएबमोजिम निवेदन दिन सक्नेछः-

(क) बाँध वा तटबन्ध वनाउन,

(ख) नहर, कुलो वा सुरुङ्ग खन्न,

(ग) जमीन माथि वा मुनि पानीको ट्याङ्की बनाउन वा पाइप लाइन बिछ्याउन,

(घ) पोखरी बनाउन वा जल वितरण केन्द्र स्थापना गर्न,

(ङ) जलस्रोतको विकाससँग सम्बन्धित अरू आवश्यक निर्माण कार्य गर्न ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा नगरपालिकाले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रचलित कानुन बमोजिम सङ्गठित संस्था वा व्यक्तिलाई त्यस्तो घर जग्गा प्राप्त गर्न प्रचलित कानुन वमोजिम प्रक्रिया अगाडि वढाईदिन सक्नेछ ।

(३) अनुमति प्राप्त व्यक्तिले जलस्रोतको विकास वा उपयोगसम्बन्धी कुनै निर्माण कार्य गरेको ठाउँ वा सो ठाउँको वरिपरि निर्धारित दूरीमा पर्ने घर जग्गा अरू कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी नगरपालिकाले निषेध गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निधेष गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्ने हानीनोक्सानी वापत अनुमति प्राप्त व्यक्तिले तोकिएबमोजिम क्षतिपूर्ति दिनु पर्नेछ ।

१७. **जलस्रोत उपयोगसँग सम्बन्धित संरचनाको सुरक्षा** : (१) जलस्रोतको उपयोग सँग सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमति प्राप्त व्यक्ति वा संस्थाको अनुरोधमा नगरपालिकाले आवश्यक प्रवन्ध गरिदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त व्यक्ति वा संस्थाको अनुरोधमा सुरक्षा प्रवन्ध गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च अनुमति प्राप्त व्यक्ति वा संस्थाले बेहोर्नेछ ।

१८. **जलस्रोतको गुणस्तर तोक्ने** : (१) नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी जलस्रोतको विभिन्न उपयोगको सम्बन्धमा आवश्यक गुणस्तर तोक्न सक्नेछ ।

(२) जलस्रोतको उपयोग गर्दा उपदफा (१) बमोजिम तोकिएको गुणस्तर कायम हुने गरी गर्नु पर्नेछ ।

१९. **जलस्रोतको प्रदूषण गर्न नहुने** : (१) नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी जलस्रोतको प्रदूषण सहन-सीमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको जलस्रोतको प्रदूषण सहन-सीमा नाघ्ने गरी कसैले पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदूषित गर्नु हुँदैन ।

(३) कुनै जलस्रोत प्रदूषित भए नभएको वा कुनै जलस्रोत उपयोगको सम्बन्धमा दफा १८ को उपदफा (१) बमोजिम तोकिएको गुणस्तर भए नभएको सम्बन्धमा नगरपालिकाले आवश्यकता अनुसार परीक्षण गर्न गराउन सक्नेछ ।

२०. **वातावरणमा प्रतिकूल असर पार्न नहुने** : जलस्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा यस्तै अरू कारणद्वारा
वातावरणमा प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ ।

२१. **अनुमति खारेज गर्न सकिने** : (१) अनुमति प्राप्त व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा नगरपालिकाले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र अनुमति प्राप्त व्यक्ति वा संस्थाले आवश्यक सुधार नगरेमा नगरपालिकाले त्यस्तो व्यक्ति व संस्थाले पाएको अनुमति खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति खारेज गर्नु अघि नगरपालिकाले सम्बन्धित अनुमति प्राप्त व्यक्ति वा संस्थालाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनेछ ।

२२. **दण्ड सजाय** : (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा निजलाई नगरपालिकाले पाँचहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कसूरबाट कसैलाई हानीनोक्सानी पुऱ्याएमा कसूरदारबाट हानीनोक्सानी वापतको क्षतिपूर्ति समेत भराई दिन सक्नेछ ।

(३) यस ऐन बमोजिम अनुमति नलिई वा अनुमतिमा उल्लेख भएका शर्तहरू पालन नगरी जलस्रोतको उपयोग गरेमा निजलाई नगरपालिकाले पाँच हजार रूपैयाँसम्म जरिवाना गरी सो कार्य बन्द गराउन सक्नेछ ।

(४) यस ऐन बमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरूपयोग गरेमा वा अनधिकृत प्रयोग गरेमा नगरपालिकाले निजबाट बिगो असूल गरी निजलाई बिगो बमोजिम जरिवाना समेत गर्न सक्नेछ ।

(५) कसैले बदनियतपूर्वक खानेपानीको मुहान, बाँध, नहर वा जलस्रोतको उपयोगसँग सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने कुनै कार्य गरेमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा वा त्यस्तो कार्य गर्न अभिप्रेरित गरेमा सम्बन्धितबाट हानी नोक्सानीको बिगो असूल गरी निजलाई बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

२३. **पुनरावेदन** : दफा १०, १५ वा १६ बमोजिम दिएको क्षतिपूर्तिको रकममा वा दफा २१ बमोजिम अनुमति खारेज भएमा वा दफा २२ को उपदफा (१), (२) वा (३) बमोजिम सजायको आदेशमा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले पैंतीस दिनभित्र सम्बन्धित अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२४. **नियम बनाउने अधिकार** : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाले जलश्रोतसंग सम्वन्धित देहायका विषयमा समेतनियम वनाउन सक्नेछ ।

(क) खानेपानी, सिंचाई, जल यातायात, औद्योगिक उपयोग, र जलस्रोतको यस्तै अन्य उपयोग,

(ख) जलस्रोत संरक्षण, बाढी नियन्त्रण तथा पहिरो रोकथामसम्बन्धी कुराहरू,

(ग) वातावरणसम्बन्धी कुराहरू,

(घ) जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गरे वापत बुझाउनु पर्ने शुल्क, दस्तुरसँग सम्बन्धित कुराहरू,

(ङ) जलस्रोतको प्रदूषण रोक्नेसम्बन्धी विषयहरू,

(च) जलस्रोतका विभिन्न उपयोगका तरिकाहरू,

(छ) जलस्रोतको उपयोगबाट उत्पन्न सेवाको स्तर निर्धारण सम्बन्धी कुराहरू,

(ज) जलस्रोतको उपयोगबाट हुन सक्ने दुर्घटना र त्यसको जाँचबुझ तथा क्षतिपूर्तिसम्बन्धी विषयहरू,

(झ) उपभोक्त संस्था र उपभोक्तासम्बन्धी अन्य व्यवस्थाको साथै उपभोक्तालाई संरक्षण र सुविधा दिने विषयहरू,

(ञ) जलस्रोतको विकास तथा उपयोगसम्बन्धी अन्य आवश्यक कुराहरू,

(ट) जल पर्यटन ।

२५. **बचाउ** : (१) नगरपालिका सरहद भित्र जलस्रोत ऐन, २०४९ बमोजिम भए गरेका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

(२) यो ऐनमा भएको व्यवस्था बमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भएको मानिनेछ ।

(३) यो ऐनमा भएको व्यवस्था नेपाल सरकारको संघीय कानुन र प्रदेश सरकारको प्रदेश कानुनसँग वाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

# धनकुटा नगरपालिकाको राजपत्र प्रकाशन ऐन, २०७६

**प्रस्तावना** :
नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम धनकुटा नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकासित गर्न अनिवार्य भएकाले स्थानीय राजपत्रको प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्याख्या गर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण गर्न र विक्री वितरणको प्रबन्ध गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी धनकुटा नगरपालिकाको ..................नगर सभाले यो ऐन बनाएको छ ।

## भाग १
## प्रारम्भिक

१. **नाम र प्रारम्भ** : यस ऐनको नाम "धनकुटा नगरपालिका राजपत्र प्रकाशन ऐन, २०७६" रहेको छ ।

२. **लागू हुने मिति** : यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

## भाग २
## स्थानीय राजपत्रको भाग र ढाँचा

३. **राजपत्रको भागहरु** : स्थानीय राजपत्रमा प्रकासन गर्ने विषयवस्तुलाई अनुसूची (१) बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. **राजपत्रको ढाँचा** : राजपत्रको ढाँचा अनुसूची (२) मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्था** : राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्रको प्रकाशन भएको बर्ष (उदाहरणको लागि २०७६ साललाई १, २०७७ साललाई २) कायम गरी त्यसपछि जति बर्ष भयो त्यतिनै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **राजपत्रको संख्या** : (१) राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्ष भरि पारित वा निर्णय भई प्रकासन भएका विषयमा क्रमश : संख्या राखी अर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

७. **राजपत्र प्रकासन गर्ने सामग्री** : राजपत्र प्रकासन गर्दा विषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग १ उल्लेख गर्ने) त्यसपछि प्रकासन सामग्री (ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको प्रस्तावना देखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. **राजपत्र प्रकासन गर्ने अख्तियारी** : राजपत्र धनकुटा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशित हुनेछ । यसरी राजपत्र प्रकाशन गर्दा राजपत्रमा प्रमुख प्रशासकीय अधिकृतको नाम र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने बाक्यांश राखी प्रकाशन गरिनेछ ।

## भाग ३
## राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. **राजपत्रको प्रकासनको जिम्मेवारी** : (१) राजपत्र प्रकाशन सम्बन्धी कामको लागि जिम्मेवारी कानुन शाखाको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको शाखाले स्थानीय राजपत्र प्रकासन गर्नेछ ।

१०. **प्रकाशन पूर्व सम्पादन गर्नु पर्ने** : (१) प्रकाशन हुने सामग्री नगर कार्यपालिकाको कानुन शाखा वा इकाईबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको राजपत्रको सम्पादित प्रति प्रमाणीकरण गरी प्रकाशन गर्ने शाखा वा इकाईबाट प्रकासन गरिनेछ ।

११. **राजपत्रको अभिलेख व्यवस्थापन** : (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सो पुस्तिकामा प्रकासन गरिने सामग्रीको सिलसिलेवार संख्या र नाम खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतबाट उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

१२. **निशुल्क रुपमा उपलब्ध गराउनु पर्ने** : नगरपालिकाबाट राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निशुल्क रुपमा उपलब्ध गराईनेछ ।

(क) नेपाल सरकार,
(ख) संघीय मामला  तथा सामान्य प्रशासन मन्त्रालय,
(ग) प्रदेश सरकार मुख्यमन्त्रीको कार्यालय र संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,
(घ) जिल्ला समन्वय समिति,
(ङ) नगरपालिकाको सूचना केन्द्र,
(च) नगरपालिकाको विभिन्न शाखा, उपशाखा, ईकाइ र केन्द्रहरु,
(छ) नगरपालिकाका प्रत्येक वडाहरु,
(ज) नगर क्षेत्रभित्रका टोलवस्ती संगठनहरु ।

१३. **वेभ साइटबाट सार्वजनिक गर्नु पर्ने** : नगरपालिकाबाट प्रकाशित राजपत्रलाई नगरपालिकाको वेभ साईटमा छुट्टै (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

१४. **विक्री वितरणको व्यवस्था तथा विक्री मूल्य** : (१) प्रकासित राजपत्र नगरपालिकाको वडाहरु र सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाईमार्फत विक्री वितरण हुनेछ ।

(२) राजपत्रको विक्री मूल्य देहाय बमोजिम हुनेछ ।

(क) बार्षिक सदस्य बनाई विक्री : वडा कार्यालय वा नगरपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई विक्री गरेमा बार्षिक तीनसय रुपैया,

(ख) खुद्रा विक्री : राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थालाई राजपत्रको प्रति पेज एक रुपैया ।

१५. **विक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने** : राजपत्रको विक्री बापत प्राप्त राजश्व नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरिनेछ ।

१६. **ऐनको व्याख्या** : यस ऐनको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१७. **बचाउ** : यो ऐन लागु हुनु भन्दा अगावै नगर सभा वा कार्यपालिकाले पारित गरी लागू गरेको कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै ऐन बमोजिम प्रकाशन भएको मानिनेछ ।

(अनुसूची - १)

## स्थानीय राजपत्रका भागहरु

**भाग - १**

नगर सभाबाट पारित ऐन, बजेट, नीति तथा कार्यक्रम र यस्तै प्रकृतिका अन्य दस्तावेजहरु तथा नगर कार्यपालिकाबाट स्वीकृत नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड एवम् नीतिगत प्रबन्ध एवम् निर्णयहरु ।

**भाग - २**

कार्यालयका महत्वपूर्ण सूचना, विज्ञप्ति र अधिकार प्रत्यायोजन सम्बन्धी विषयहरु ।

**भाग - ३**

पदपूर्ति समिति सम्बन्धी सूचनाहरु, अधिकृतस्तरका कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा र अन्य महत्वपूर्ण नियुक्तिहरु ।

(अनुसूची - २)

## राजपत्रको ढाँचा

(बहुरंगी नेपाल सरकारको निशान छाप अंकित स्वरुप र देवनागरी लिपिमा नगरको नामाङ्कित श्यामश्वेत अक्षर हुनेछ ।)

धनकुटा नगरपालिका

## स्थानीय राजपत्र

खण्ड .....,मिति...............,संख्या.....

भाग.......

**धनकुटा नगरपालिकाको**.....................ऐन, २०....

प्रकाशित गर्ने अधिकारीको नाम

प्रमुख प्रशासकीय अधिकृत